नेपाल सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय
काठमाण्डौ उपत्यका नगर विकास समिति, अनामनगर काठमाण्डौ

फोन नं. ४७७०२१९,
४७७०२५८

काठमाण्डौ उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा संशोधन (पाना नं ३७)

(क) परिच्छेद २ को प्रकरण नं ११ र सोही परिच्छेदको प्रकरण ६.२ को देहाय १ र २ मा देहाय बमोजिम संशोधन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति ०६५।८।१ मा निर्णय भएको छ।

"खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायको खोलाको नापीको नक्साबाट कायम रहेको छेउबाट दाँयाबाँया देहायका दुरी छोडी निर्माण गर्न पाइने छ" ।

१) बागमती, विष्णुमती र मनहरा खोलामा २० मीटर
२) धोबीखोलाको हकमा धोबीखोला आयोजना भएको स्थानमा प्रोजेक्टको प्लानिङ अनुसारको दुरी र प्लानिङ बाहेकका स्थानमा -९ मीटर
३। नख्खु खोलामा -१२ मीटर
४) बल्खु, कर्मनासा, कोड्कु, साङ्ले र महादेव खोलामा -१० मीटर
५) करखुसी खोलामा -६ मीटर
६) टुकुचा, सामाखुसी र उपत्यकामा बग्ने अन्य खोलामा ४ मीटर र कुनै पनि खोला, खोल्छी र राजकुलो छोप्न पाईने छैन ।
७) हनुमन्ते खोला बग्ने क्षेत्रका नगरोन्मुख गा.वि.स.हरुमा समेत खोलाको किनारबाट २० मीटर छाडी निर्माण गर्न पाईने साथै मापदण्डको परिच्छेद ३ को प्रकरण नं ६.२ को देहाय १ र २ मा रहेको FAR १.२५ को सट्टा १.५ कायम गर्ने" ।

(ख) नेपाल सरकार मन्त्रिपरिषद्को मिति ०६७।३।१४ को निर्णयानुसार देहाय बमोजिम संशोधन भएकोछ।

१. परिच्छेद २ को प्रकरण १२ को बुँदा ४ पछि देहायको बुँदा ४ क थप गरीएको छ।
" ४ क FLOOR AREA RATIO - (FAR) ३ (तीन) लिन चाहेमा चक्रपथ भित्रमा लागि निर्धारण गरिएको मापदण्डको अनुसरण तथा पालना गर्नु पर्नेछ।"

२. परिच्छेद २ को प्रकरण १२ को बुँदा ५ पछि देहायको बुँदा ६ थप गरिएको छ।
"६ प्रवेशमार्गको हकमा परिच्छेद १ को खण्ड २ मा उल्लिखित प्रावधान अनुसार नै हुनेछ।"